बैठक संख्या :- ४९
मिति :- २०७६।०३।०६ शुक्रवार
समय :- दिनको २ : ०० वजे

कमलामाई नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्ग बहादुर खत्री ज्यूको अध्यक्षतामा बसी देहाय वमोजिम निर्णय भयो ।

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्रि | - नगर प्रमुख |
| श्री मंजु देवकोटा | - नगर उप-प्रमुख |
| श्री महेशराज खतिवडा | - वडा अध्यक्ष १ |
| श्री नवराज थिङ | - वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाँई | - वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | - वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खडका | - वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | - वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | - वडा अध्यक्ष ७ |
| श्री टिका बहादुर मुक्तान | - वडा अध्यक्ष ८ |
| श्री देवराज पौडेल | - वडा अध्यक्ष ९ |
| श्री रामहरि ढुङ्गेल | - वडा अध्यक्ष १० |
| श्री राम बहादुर थिङ | - वडा अध्यक्ष ११ |
| श्री ललित बहादुर आले | - वडा अध्यक्ष १२ |
| श्री किरण माझी | - वडा अध्यक्ष १३ |
| श्री जितलाल अधिकारी दनुवार | - वडा अध्यक्ष १४ |
| श्री शिव कुमारी रायमाझी | - महिला सदस्य |
| श्री कान्ता ढकाल | - महिला सदस्य |
| श्री रुद्र कुमारी कार्की | - महिला सदस्य |
| श्री पदम कुमारी बस्नेत | - महिला सदस्य |
| श्री सुनिता सार्की | - महिला सदस्य |
| श्री केशर बहादुर नेपाली | - दलित / अल्पसंख्यक सदस्य |
| श्री झौला अधिकारी दनुवार | - दलित / अल्पसंख्यक सदस्य |
| श्री नरेश वि.क | - दलित/ अल्पसंख्यक सदस्य |
| श्री पुरुषोतम सुवेदी | - प्रमुख प्रसशाकिय अधिकृत ( सदस्य सचिव) |
| श्री सुमित्त कुमार वर्मा | - उप. ले. प. उ. |

**निर्णय नं. १. :-** 'घ' वर्गको ईजाजत प्रमाण पत्र पाउ भनी आवश्यक कागजात पेश गर्ने नेवार निर्माण सेवा सप्लायर्स प्रा.ली.क.न.पा. ६, वस्नेत ब्रदर्श कन्ट्रक्शन कम्पनी प्रा.ली क.न.पा.१४ र निमातारा कन्ट्रक्शन प्रा.ली क.न.पा २ लाई '**घ**' वर्गको ईजाजत पमाण-पत्र दिने निर्णय गरियो ।

**निर्णय नं.२ :-** आर्थिक वर्ष ०७६/७७ को लागि कमलामाई नगरपालिकाको क्षेत्र भित्र विज्ञापन कर वापत रु ११ लाखमा (कर वाहेक) आन्तरिक आय ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामकालागी पारिश्रमिक कार्यक्रम अन्तरगत बिनियोजित रकम वडा सचिवलाई २०७६ अषाढ २२ गते भित्र बिल भर्पाइ पेश गरी फछ्र्योट गर्ने गरी पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** आर्थिक वर्ष ०७६।०७७ को नगर दररेट सम्बन्धमा जिल्ला दररेट संग समन्वय गरी नगर दररेट तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-** सुरक्षित आप्रवासन कार्यक्रम संचालन गर्न सेवा प्रदायक संस्था छनौट सम्बन्धी कार्यविधि,२०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :-** कमलामाई नगरपालीका र वडा कार्यालयहरुमा अनलाईन सेवा संचालनको लागि आवश्यक पर्ने रकम नगरपालिकामा मौज्दात बचत रकमवाट वजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** आर्थिक वर्ष ०७५।०७६ मा कमलामाई नगरपालिकावाट स्वीकृत योजनाहरु २०७६ आषाढ २० गते सम्म सम्झौता गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** आर्थिक वर्ष ०७५।०७६ मा कमलामाई नगरपालिका ले विज्ञापनकर वापत ठेक्का लगाएकोमा एउटा पसल/व्यावसाय मा एउटा मात्र सूचना वोर्डको कर नलाग्ने सो भन्दा वढि विज्ञापन वोर्ड राखेमा नियमानुसार कर तिर्नु पर्ने निर्णय गरियो

**निर्णय नं.९ :** - कमलामाई नगरपालिका वडा नं.८ पातिपरान रातुभ्रोरा घर जाने क्रममा जंगली हात्तिको आक्रमणवाट वडा नं. ८ निवासी सितामाया रानामगरको घटना स्थलमा नै मृत्यु भएको हुँदा मृतकको परिवार लाई आर्थिक सहायता वापत रु.३००००।- (तिसहजार) दिने र कनपा १० निवासी विजय मगरको दुर्घटना~~बाट मृत्यु भएको हुँदा मृतकको परिवारलाई~~ परी घाइते भएकोले उपचारको लागि रु.१००००।- (दश हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।